- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ।
- संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानुन तथा मापदण्डहरु ।
- स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्ब निर्देशिका, २०७४ ।
- संघिय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना ।
- स्थानीय तहको मध्यकालीन खर्च संरचना ।
- स्थानिय स्रोत साधनको परिचालनको अवस्था ।
- विकासका अन्तर सम्बन्धित बिषयहरु ।
- नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताबाट सिर्जित दायित्वहरु संघ र प्रदे सरकारले अबलम्बन गरेका अन्य नीतिहरु । आदि

### २.२.२.क्षेत्रगत नीति तथा आधारहरु

**क) आर्थिक क्षेत्र**

❖ कृषिमा आधुनीकिकरण तर्फ जोड दिइ कृषि उपजको सहज बजारीकरणको व्यवस्था मिलाइने छ ।

❖ गाउँको स्थानीय स्तरमा उत्पादन हुने बोधिचित्तको व्यवसायिक खेतीको लागि अनुकूल वाताव स्थापना गरिनेछ ।

❖ गाउँपालिकामा पशु भ्याक्सिनेसन, पशु विमा र कृषि तथा पशुजन्य उत्पादनको वजारीकरण त प्रवर्धनमा विशेष जोड दिई उन्नत खालका पुशपालनका लागि युवा कृषकहरुलाई प्रोत्साहि गरिनेछ ।

❖ कृषि सहकारीतालाई प्रोत्साहित गरिनेछ । यसलाई उत्पादकत्व वृद्धिको आधार बनाइनेछ ।

❖ पर्यटकीय महत्व बोकेका क्षेत्रहरुमा आवश्यक पर्यटन पूर्वाधार निर्माण गर्ने कार्यमा जोड दिईने छ नयाँ पर्यटकीय क्षेत्रहरुको पहिचान तथा उक्त क्षेत्रको विकासको लागि सार्वजनिक नि साझेदारीको अवधारणालाई अवलम्वन गरिनेछ ।

❖ गाउँपालिकाले पर्यटन मन्त्रालयसँग समन्वय गरी गाउँको कम्तिमा एक वस्तिमा घर र (Home Stay) कार्यक्रम थालनी गरिनेछ । यसको लागि उचित तालिमको व्यवस्था गरिने छ ।

❖ गाउँपालिकामा व्यवसाय करको नक्सांकन गरी करदाताहरुलाई करको दायराभित्र ल्याई ज स्तरामा कर तिर्नु पर्ने नागरिकको कतर्व्य प्रति जागरुक बनाइने छ ।

❖ कर तथा गैर कर राजस्वको लगतलाई कम्प्युटरीकृत गरी राजस्व प्रशासनलाई सुदृढ गर्न आवश्यक संस्थागत व्यवस्था गरिने छ ।

❖ गाउँपालिका क्षेत्र भित्र रहेका सिंचाइका स्रोतहरुको पहिचान गरी कृषि उपज वृद्धिका लागि सिंचाईको सुनिचितता गरिने छ ।